आज मिति २०८२ साल भाद्र २५ गते विहान ८:०० बजे बुधबारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ५९ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | प्रेमा |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| | | | | |
| | | | | |

ठाँटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०५/२५ गतेको ५९ औं गाउँ कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना (LAACP) सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना (LAAC)को मिति २०८२।०५।११ को प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना बमोजिम उक्त परियोजना संचालनका लागि तपसिल वमोजिमका प्रतिवद्धता गरी आशय पत्र पेश गर्ने निर्णय गरियो ।

१) जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना को Project Supervisory Board को मिति २०८२।०५।२५ गते वसेको बैठकको निर्णय बमोजिम छनौटका आधारहरु मध्ये परियोजनाका क्षेत्रगत प्राथमिकता बमोजिम गाउँपालिकाको जल उपयोग गुरुयोजना, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP),गाउँपालिकाको आवधिक योजना लगायतका योजनाहरु तयार भएको, उक्त परियोजना संचालनका लागि गाउँपालिका संग प्रयाप्त जनशक्ति भएको, परियोजना संचालनका लागि गाउँपालिका प्रतिवद्ध र तयार रहेको, साथै यस गाउँपालिकाको आवधिक योजना र जल उपयोग गुरुयोजनाको प्राथमिकीकरणको आधार र समुदाय तथा वडा स्तरवाट छलफल तथा छनौट भइ गाउँपालिकाले गाउँसभाको निर्णयमा समावेश भएका ज़लवायू परिवर्तन र वातावरण संरक्षण क्षेत्रका योजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने प्रतिवद्धता सहित जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

२) यस आ ब का लागि जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सञ्चालन गर्न, कार्यक्रम तथा योजनाहरुका स्थानीय सरकारले लगानी गर्नु पर्ने रकम न्यूनतम २० प्रतिशत लागत साझेदारी रकम) समपुरक को सुनिश्चितता र उक्त रकम कार्यक्रम संचालन हुँदा आवश्यकताका आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

३) यस गाउँपालिकामा जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्यक्रम सञ्चालनका लागि तोकिएको शर्त, आवश्यक पर्ने समपुरक कोष तथा प्राथमिकतालाई आधारमानी कार्यक्रम संचालन गर्ने र एकै प्रकृतिका कार्यक्रमहरुको दोहरोपन हुन नदिने लगायत परियोजनाको नीतिनियम,निर्णय र निर्देशिकालाई पुर्ण रुपमा पालना गरि यो कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्ने निर्णय गरियो ।

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत